STANDARD™ REUNIFICATION METHOD

## विद्यार्थी/अभिभावक पुनर्मिलन

विद्यालयमा अभिभावकहरूले आफ्ना विद्यार्थीहरू आधिकारिक, नियन्त्रित ढङ्गले सङ्कलन गर्नुपर्ने परिस्थितिहरू उत्पन्न हुन सक्छन् । नियन्त्रित ढङ्गले घर पठाउने प्रक्रियालाई पुनर्मिलन भनिन्छ र मौसम, विद्युत आपूर्ति बन्द हुने, हजमतको घटना, विद्यालय बाहिर खतरा वा विद्यालयमा संकट आइपर्दा यस्तो गर्नुपर्ने हुन सक्छ । मानक पुनर्मिलन विधि त्यस्तो प्रोटोकल हो, जसले यस प्रक्रियामा संलग्न सबैका लागि अधिक अपेक्षित र अलमल कम बनाउँछ ।

नियन्त्रित ढङ्गले घर पठाउने कार्य सामान्यतया विद्यालय समय सकेर अपनाइने प्रक्रिया नभएको हुनाले, पुनर्मिलन विद्यार्थी अध्ययन गर्ने विद्यालयभन्दा फरक स्थानमा हुन सक्छ । यदि सो स्थान अर्को विद्यालय हो भने, ती विद्यार्थीहरूलाई पनि नियन्त्रित ढङ्गले घर पठाइने छ ।

## सूचना

अभिभावकलाई धेरै माध्यमबाट सूचित गर्न सकिने छ । विद्यालय वा डिस्ट्रिक्टले आफ्नो प्रसारण फोन वा पाठ सन्देश प्रणाली प्रयोग गर्न सक्छ । कतिपय अवस्थाहरूमा, विद्यार्थीहरूलाई नै तिनका अभिभावकलाई पाठ सन्देश पठाउन लगाउन सकिने छ । विद्यार्थीले पठाउने पुनर्मिलन पाठ सन्देश यस्तो खालको हुन सक्छ: “विद्यालय बन्द भएको छ, कृपया 3:25 बजे आएर मलाई मुख्य प्रवेशद्वारबाट लिएर जानुहोस् । आफ्नो परिचयपत्र लिएर आउनुhoस् ।”

## आमाबाबु/अभिभावकले ध्यान दिनुपर्ने कुराहरू

आमाबाबु वा अभिभावकलाई नियन्त्रित ढङ्गले घर पठाइने र पुनर्मिलनको आवश्यकता बारे सूचित गरिएको छ भने, आमाबाबु वा अभिभावकहरू सचेत हुनुपर्ने केही कुराहरू छन् । पहिलो, परिचयपत्र लिएर आउनुहोस् । यसले पुनर्मिलनको क्रममा प्रक्रियालाई सुव्यवस्थित गर्न  छ । दोस्रो, धैर्य गर्नुहोस् । पुनर्मिलन त्यस्तो प्रक्रिया हो, जसमा विद्यार्थीको सुरक्षालाई जोगाउँछ र विद्यार्थी विद्यालयबाट मान्यता प्राप्त आमाबाबु वा अभिभावकमा जवाफदेही ढङ्गले जिम्मा लगाइन्छ ।

## अभिभावकले आफ्ना विद्यार्थीलाई लिएर जान सक्दैनन् भने के हुन्छ

अभिभावक तुरुन्तै पुनर्मिलन स्थलमा जान सकेनन् भने, विद्यार्थीहरूलाई पहिले विद्यार्थीको आपत्कालीन सम्पर्क व्यक्तिको रूपमा पहिचान गरिएका व्यक्तिहरूलाई मात्र जिम्मा लगाएर पठाइने छ । अन्यथा, अभिभावकहरूले आफ्ना विद्यार्थीलाई लिन नआएसम्म निजलाई विद्यालयमा नै राखिने छ ।

## यदि विद्यार्थी आफैँ गाडी चलाएर विद्यालय जान्छन् भने के हुन्छ

विद्यार्थीलाई पार्किङ स्थलबाट गाडी निकाल्न अनुमति नदिइने अवस्थाहरू आउन सक्छन् । त्यस्तो अवस्थामा, अभिभावकहरूलाई विद्यार्थी लिएर जान सल्लाह दिइन्छ । कतिपय परिस्थितिहरूमा, माध्यमिक तहका विद्यार्थीहरूलाई आफैँ घर जान दिइन सकिने छ ।


पुनर्मिलन विवरण (कृपया ठूला अक्षरमा स्पष्ट रूपमा लेख्नुहोस्)
तस्बिर सहितको परिचयपत्र बाहिर निकालेर स्कुल डिस्ट्रिक्टका कर्मचारीहरूलाई देखाउन तयार अवस्थामा राख्नुहोस् ।

विद्यार्थीको नाम ........................................

विद्यार्थीको श्रेणी .................... विद्यार्थीको मोबाइल फोन नम्बर ....................

विद्यार्थी लिएर जाने व्यक्तिको नाम ........................................

हस्ताक्षर ........................................

विद्यार्थी लिएर जाने व्यक्तिको फोन नम्बर ....................

निज व्यक्तिसँग जाने विद्यार्थीसँगको नातासम्बन्ध ....................

**School personnel completes:** Photo identification matches name of person picking up student? Yes or No

**अभिभावकले भर्नुपर्ने:**

विद्यार्थीको नाम फेरि ठूला अक्षरमा लेख्नुहोस् .................... विद्यार्थीको श्रेणी ..........

शिक्षक ....................

विद्यार्थीको जन्मदिन ....................

**School personnel completes upon release of student**

TIME INITIALS OTHER

## यसको प्रक्रिया कस्तो हुन्छ

विद्यार्थीहरूको हकमा, विद्यालयले विद्यार्थीहरूलाई पर्खँदा लामबद्ध भएर शान्त रहन अनुरोध गर्दछ । विद्यार्थीहरूलाई आफ्ना आमाबाबु वा अभिभावकहरूलाई सन्देश पठाउन लगाउन सकिने छ । विद्यार्थीहरूलाई विद्यालय भित्र वा बाहिर वा पुनर्मिलन क्षेत्रमा अन्य पाठ सन्देशहरू नपठाउन पनि भनिने छ । पुनर्मिलनको समयमा सेलुलर नेटवर्कको प्रयोगलाई न्यूनतम गर्नु जरुरी हुन सक्छ ।

## पुनर्मिलन कार्डहरू

आमाबाबुको हकमा, केही चरणहरू पूरा गर्नुपर्ने हुन्छ । यदि आमाबाबु स्कुल आउँदा गाडी चलाएर आउनुहुन्छ भने, ट्राफिक र आपत्कालीन सवारीहरूको बारेमा बढी सचेत हुन सल्लाह दिइन्छ । अभिभावकले सङ्केत गरिएको ठाउँमा पार्क गर्नुपर्छ र सवारीसाधन छोडेर ह ड्नु हुँदैन । अभिभावकहरूलाई पुनर्मिलन "चेक इन" क्षेत्रमा जान र उनीहरूको विद्यार्थीको थरको पहिलो अक्षरको आधारमा पङ्क्तिमा उभिन भनिने छ । लाममा उभिँदा, अभिभावकहरूलाई पुनर्मिलन कार्ड भर्न लगाइने छ । यो कार्डमा प्वाल पारिएको हुने छ र प्रक्रियाको क्रममा टुक्र्याइने छ । केही विवरण कार्डको माथि र टुक्र्याइने तलको दुवै भागमा दोहोरिने छ । अभिभावकहरूलाई कार्डका सबै भागहरू भर्न अनुरोध गरिने छ ।

एकभन्दा बढी विद्यार्थीहरूको पुनर्मिलन गर्नुपर्ने अवस्थामा, प्रत्येक विद्यार्थीका लागि छुट्टाछुट्टै कार्ड भर्नुपर्ने छ ।

## चेक इन गर्न ID लिएर आउनुहोस्

चेक इन गर्दा, पहिचान र संरक्षकत्वको अधिकार पुष्टि गरिने छ । कार्डलाई टुक्र्याइने छ र तल्लो आधा भाग अभिभावकलाई फिर्ता दिइने छ ।

"चेक इन" क्षेत्रबाट अभिभावकहरूलाई “पुनर्मिलन” क्षेत्रमा निर्देशित गरिने छ । त्यहाँ, एक जना सहायकले कार्डको तल्लो आधा भाग लिने छन् र विद्यार्थी(हरू)लाई लिन विद्यार्थी भेला भएको क्षेत्रमा जाने छन् ।

कतिपय अवस्थाहरूमा, अभिभावकलाई थप जानकारीका लागि भवनमा बोलाउन सकिने छ भन्ने कुरामा सचेत हुनुपर्ने छ ।

## अन्तर्वार्ता र परामर्श

कतिपय अवस्थाहरूमा, आमाबाबुलाई कानुन प्रवर्तन (प्रहरी) अनुसन्धान चलिरहेको र अन्तर्वार्ता दिनुपर्ने बारेमा सल्लाह दिन सकिने छ । चरम अवस्थाहरूमा, अभिभावकलाई छुट्टै बोलाएर आपत्कालीन वा मेडिकल विवरण सोध्न सकिने छ ।

i love u guys FOUNDATION

© Copyright 2011-2020, All rights reserved. The “I Love U Guys” Foundation. Conifer, CO 80433. The Standard Reunification Method and I Love U Guys are Trademarks of The “I Love U Guys” Foundation and may registered in certain jurisdictions. This material may be duplicated for distribution by recognized schools, districts, departments and agencies.